CHANDRAGIRI HILLS LTD.
WHERE WISHES COME TRUE

मिति २०८०।०९।०३
चलानी नं २९ । ०८०।०८१

श्री नेपाल स्टक एक्चेन्ज लिमिटेड
सिहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : कम्पनीको १४ औं वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द रहने सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस चन्द्रागिरि हिल्स लिमिटेडको मिति २०८०/०९/०३ गते (तदनुसार १९ डिसेम्वर २०२३ ) मंगलवार दिनको ४.०० बजे बसेको ५५ औं संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम कम्पनीको १४ औं वार्षिक साधारण सभा २०८० साल पौष २६ गते विहिवार ( तदनुसार ११ जनवरी २०२४) दिनको १२.३० बजे चन्द्रागिरि हिल्स लिमिटेडको कार्यालय थानकोट परिसरमा हुने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ ।

यस कम्पनीको १४ औ (चौधौं) साधारण सभाको प्रयोजनका लागि यस कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८०/०९/१३ गते शुक्रवार एक दिनको लागि बन्द रहने व्यहोरा अनुरोध गर्दछौं ।

साथै यस आर्थिक वर्षमा कम्पनीबाट कुनै प्रकारको लाभांस वितरण नगरिने पनि जानकारी गराइन्छ ।

**साधारण सभाका छलफलका विषयहरु :**

क) सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षको प्रतिवेदन सहितको आ.व.२०७९/०८० को वासलात,नाफा नोक्सान हिसाव विवरण सहितको लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व.२०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(ख). विविध

१. लेखापरिक्षक परिवर्तन तथा नियुक्ति अनुमोदन गर्ने सम्वन्धमा ।

२.संचालक समितिका सदस्यहरुको बैठक भक्ता परिमार्जन गर्ने सम्वन्धमा ।

सहयोगको लागि धन्यवाद ,

भवदीय

झलकराज शर्मा
कम्पनी सचिव

वोधार्थ :

१. श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार ,ललितपूर
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक , काठमाण्डौ ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
४. श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्शाल, काठमाण्डौ ।

Chandragiri Hills Ltd.
(Formerly known as Kathmandu Fun Park Ltd)
Thankot, Kathmandu, Nepal
Tel: 977-1-4312515/ 4311719
Fax: 977-1-4002582
www.chandragirihills.com